अनुसूची १ख

## कर्मचारी सञ्चय कोष र निजामती कर्मचारी अस्पताल बीच सम्पन्न सम्झौता पत्र

# सम्झौता-पत्र

निजामती कर्मचारी अस्पताल (यसपछि प्रथम पक्ष भनिएको) र कर्मचारी सञ्चय कोष (यसपछि दास्रो पक्ष भनिएको) बीच प्रथम पक्षका कर्मचारीहरुको योगदानमा आधारित निवृत्तभरण/उपदान कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने सम्बन्धमा दुबै पक्षबीच सहमति भई कर्मचारी सञ्चय कोषको कार्यालयमा बसी "सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७" अनुरुप देहाय बमोजिम सम्झौता सम्पन्न गरी एक एक प्रति लियौ दियौ ।

(१) **प्रथम पक्षको विवरण :**

संस्थाको नाम (देवनागरी लिपीमा):- **निजामती कर्मचारी अस्पताल**

सस्थाको नाम (अङ्ग्रजीमा) :- **CIVIL SERVICE HOSPITAL**

ठेगाना :- मीनभवन मार्ग, बानेश्वर, काठमाडौ

फोन न :- ४१०७०००

इमेल :- **info@civilserivicehospital.org**

(२) **आवश्यक कागजात :**

प्रथम पक्षले सम्झौताको लागि देहायका कागजात पेश गर्नु पर्नेछ :

(क) कर्मचारी विनियमावलीको प्रमाणित प्रतिलिपी ।

(ख) योजनामा सहभागी हुन "सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७" को अनुसूची १ को ढाँचामा निवेदन ।

(ग) योजनामा सहभागी हुने कर्मचारीको विवरण ।

(घ) सम्झौताको लागि सञ्चालक समितबाट प्रदान गरिएको अख्तियारी पत्र ।

(३) **प्रथम पक्षको जिम्मेवारी :**

क) कर्मचारीको तलवबाट मासिक रुपमा १२ प्रतिशत रकम कट्टी गरी कोषमा जम्मा गर्नु पर्ने छ ।

(ख) प्रथम पक्षको यस सम्झौता पश्चात यसमा भएको व्यवस्थालाई सम्झौतालाई फरक पर्ने गरी कर्मचारी नियमावलीमा कुनै संसोधन वा परिमार्जन भएमा त्यसको जानकारी दोस्रो पक्षलाई तुरुन्तै उपलब्ध गराई आवश्यक पुरक सम्झौता गर्नु पर्नेछ ।

(ग) "सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७" बमोमिका अन्य शर्त तथा व्यवस्था पालना गर्नु पर्नेछ ।

(४) **दोस्रो पक्षको जिम्मेवारी :**

(क) दोस्रो पक्षले प्रथम पक्षका कर्मचारीलाई रकम भुक्तानी गर्दा सम्बन्धित व्यक्तिको व्यक्तिगत खातामा जम्मा भएको रकम "सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७" को भुक्तानी प्रकृया अनुरुप भक्तानी गर्ने छ ।

(ख) प्रथम पक्षबाट सम्बन्धित योजनामा जम्मा भएको रकम दोस्रो पक्षले योगदानकर्ताको व्यक्तिगत खाता तयार गरि लेखांकन गर्ने छ ।

(ग) दोस्रो पक्षले प्रथम पक्षको कर्मचारी सेवा शर्त नियमावली तथा प्रथम पक्ष सहभागी भएको "सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७" को योजना अनुरुप व्यक्तिगत खातामा जम्मा भएको रकम प्रथम पक्षका कर्मचारी सेवा निवृत्त/अवकाश भएमा नियमानुसार भुक्तानी गर्ने छ।

(५) **बिशेष व्यवस्था**

(क) "सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७" सम्झौताको अभिन्न अगं हुनेछ।

(ख) समझौता कार्यान्वयनको सम्बन्धमा कुनै विवाद भएमा दुवै पक्षको संस्था प्रमुख सहितको छलफलबाट गर्न सकिनेछ।

(ग) नेपाल सरकारको निर्णय बमोजिम भएको परिवर्तनको आधारमा यो सम्झौता दुवै पक्षको आपसी सहमतीमा मात्र भगं हुनेछ।

(६) दोस्रो पक्षले सञ्चालन गर्ने "सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७" को प्रकरण ३.२ बमोजिमको **उपदान** योजनामा सहभागी भई सञ्चालन गर्न दुवै पक्ष मञ्जुर गर्दछौ।

**प्रथम पक्षको तर्फबाट**

**अधिकार प्राप्त अधिकारीको दस्तखत :-**

**नाम,थर :- बिधान निधी पौडेल**

**पद :- कार्यकारी निर्देशक**

**मिनि :-** २०७८/०९/१३

**कार्यालयको छाप :-**

नेपाल सरकार, निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाण्डौ

**दस्तखत :**

२०७८/०९/१३

**साक्षी :- कृष्ण सापकोटा**

**उप-सचिव**

**दोस्रो पक्षको तर्फबाट**

**अधिकार प्राप्त अधिकारीको दस्तखत :-**

**नाम,थर :- ध्रुव प्रसाद अधिकारी**

**पद :- मुख्य प्रबन्धक**

**मिति :- २०७८/०९/१३**

**कार्यालयको छाप :-**

**दस्तखत :**

**साक्षी :- जितेन्द्र श्रेष्ठ**

**उप प्रबन्धक**